# सानीभेरी गाउँपालिका रुकुम (पश्चिम)
## कर्णाली प्रदेश
## नेपाल

Sanibheri Rural Municipality
Office of the Rural Municipal Executive
Simlee, Rukum (West)
Karnali Province, Nepal
2073

**प्राविधिक विषय, भौतिक, रसायन तथा जीव विज्ञान विषयको पठनपाठनको विद्यालय छनौट गर्न तयार पारिएको प्रस्ताव पत्र**

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

Sanibheri Rural Municipality
Office of the Rural Municipal Executive
Simlee, Rukum (West)
Karnali Province, Nepal
2073

१. प्रस्तावना :

कार्यक्रम कार्यन्वयन पुस्तिका आ.व. २०८०/०८१ को क्रियाकलाप नं. ५.३ को (ग) अनुसार यस पालिका भित्र कक्षा ९-१२ सञ्चालन भएका विद्यालयहरु मध्य हालसम्म भौतिक, रसायन, जीव विज्ञान र प्राविधिक विषयहरुको पठनपाठनको लागि आधार पुगेको विद्यालयलाई छनौट गरि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पेश गर्न यो प्रस्तवना पत्र तयार पारिएको छ ।

२. दुर दृष्टी :

गाउँपालिका भित्र भौतिक, रसायन, जीव विज्ञान र प्राविधिक विषयहरुको पठनपाठनको व्यवस्था गरी व्यवसायिक, स्वरोजगार र अनुसन्धान मूलक मध्यम जनशक्ति उत्पादनका लागि निम्न तथा मध्यम वर्गीय जनताको शिक्षामा पहुँच पुर्याउने ।

३. उदेश्यहरु:

भौतिक, रसायन, जीव विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा पठनपाठनको व्यवस्थामा पछि परेको रुकुम (पश्चिम) को स्थानीय तहहरु मध्ये यस सानीभेरी गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच गराउने उद्देश्य लिई यस गाउँपालिका भित्रका विद्यार्थीहरुलाई स्वरोजगार, व्यवसायिक र अनुसन्धान मूखी बनाउन यस कार्यक्रमका निम्न उद्देश्यहरु रहेका छन ।

- सानीभेरी गाउँपालिका भित्रका कक्षा ८ उतिर्ण विद्यार्थीहरुलाई प्राविधिक शिक्षाको अवसर प्रदान गरी व्यवसायिक र स्वरोजगार मूलक वनाउने ।
- सानीभेरी गाउँपालिका भित्रका कक्षा १० उतिर्ण विद्यार्थीहरुका लागि भौतिक, रसायन, जीव विज्ञान पठनपाठनको अवसर सुनिश्चित गरी अनुसन्धान, खोज र प्रयोगात्मक अभ्यासबाट ज्ञान,सिप प्रदान गर्ने अवसर दिलाउने ।
- हाल भइरहेको युवाहरुको विदेश पलायनलाई कम गरी पालिका भित्र स्वरोजगारको सिर्जना गरी बढ्दो व्यरोजगारीलाई न्युनिकरण गर्ने ।
- सिप ,ज्ञांन  मार्फत व्यावहारिक रुपमा जीवन पर्यन्त पेशा र रोगारीमा लाग्न प्रेरित गर्ने ।
- सानीभेरी भित्रका निन्न र मध्ययम वर्गिय समुदायलाई प्राविधिक तथा बैज्ञानिक ज्ञान र सीपको माध्यमबाट माथि उठाउन सहयोग गर्ने ।

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

Sanibheri Rural Municipality
Office of the Rural Municipal Executive
Simlee, Rukum (West)
Karnali Province, Nepal

४. वर्तमान अवस्थाः

**क.** कार्यक्रमको **वर्तमान अवस्थाः-** यस गाउँपालिका भित्र प्राविधिक तथा विज्ञानका विषयहरु पठनपाठनका लागि हालसम्म कुनै अनुदान संघीय सरकार बाट प्राप्त नभएता पनि प्राविधिक विषय तर्फ गाउँपालिकाको अनुमति लिई श्री राप्ती ज्ञानोदय माध्यमिक विद्यालय सिम्लीले कक्षा ९-१२ अन्तर्गत पशु विज्ञानको कक्षा ९-१० सञ्चालन गरी रहेको तथा विज्ञान विषय अन्तर्गत कक्षा ११/१२ मा रसायन, भौतिक र जीव विज्ञान विषयहरु पठनपाठन गराई रहेकोमा उक्त कार्यक्रममा पनि कुनै किसिमको अनुदान रकम प्राप्त नभएको र निजी स्रोत बाट सञ्चालन भईरहेको छ भने पशु विज्ञान तर्फ कक्षा ९-१० का लागि दुई वटा सहायक प्रशिक्षकको लागि गाउँपालिकाले अनुदान उपलब्ध गराएको छ ।

**ख.** विद्यार्थी संख्याः

सानीभेरी गाउँपालिका रुकुम (पश्चिम) भित्र माध्यमिक तह सञ्चालित विद्यालयहरुको कक्षा १० को विद्यार्थी संख्या निम्नानुसार छः-

| क्र.सं. | विद्यालय | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | राप्ती ज्ञानोदय मा.वि. सिम्ली | ५० | ५१ | १०१ | |
| २ | सरस्वती मा.वि. अर्माडाँडा | १४ | १२ | २६ | |
| ३ | सानीभेरी मा.वि. वलिवाङ् | २८ | २८ | ५६ | |
| ४ | जनज्योति मा.वि. मेल्चौर | १५ | २४ | ३९ | |
| ५ | सुर्योदय मा.वि. बेल्टापु | ४२ | ४० | ८२ | |
| ६ | शितल मा.वि. पक्रैया | १३ | ३१ | ४४ | |
| ७ | वालज्योती मा.वि. गिठाकोट | २० | १६ | ३६ | |
| ८ | भेरीदोभान मा.वि. चाइनावगर | १५ | २० | ३५ | |
| ९ | सरस्वती मा.वि. चिन्तु | १८ | १४ | ३२ | |
| १० | जनप्रिय मा.वि. हासिवाङ् | १२ | १३ | १५ | |
| ११ | नेपाल राष्ट्रिय मा.वि.घापागार | १६ | १३ | २९ | |
| १२ | जनकल्याण मा.वि. वागखोर | ११ | १७ | १८ | |
| १३ | शिब मा.वि. काफलबोट | ११ | २१ | ३२ | |
| | जम्मा | २६३ | ३०२ | ५६५ | |

दिपक पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

Sanibheri Rural Municipality
Office of the Rural Municipal Executive
Simlee, Rukum (West)
Karnali Province, Nepal
2073

**५. कार्यक्रम साझेदारीः-**

सानीभेरी गाउँपालिकाले प्राविधिक तथा व्यवसायिक शिक्षाका कार्यक्रम मार्फत पालिकालाई व्यवसायिक शिक्षा प्रदान गराउँदै युवा पंतिलाई स्वरोजगार वनाउन उदेश्य राखेर सुखि र संवृद्धि सानीभेरीको लक्ष्य सहितको कार्यक्रम अघि वढाउने उदेश्य राखेको छ । त्यसका लागि प्रविधिक शिक्षा अन्तर्गत पशु विज्ञानका विषयहरु, भौतिक , रसायन र जिव विज्ञान विषयहरु पठनपाठन लागि स्थानिय तहवाट लागत साझेदारीको व्यवस्था गरिने छ । त्यसका लागि श्री रासी ज्ञानोदय मा.वि. सिम्ली रुकुम (पश्चिम) मा पशु विज्ञान तर्फ २ जना सहायक प्रशिक्षकको कोटा प्रदान गरिएको छ । आवश्यकताका आधारमा थप अनुदान कोटा वढाउन सकिनेछ ।

**६. निष्कर्षः-**

प्राविधिक शिक्षालाई व्यापक वनाउदै जाने सरकारको लक्ष्य लिएता पनि यूवा शक्ति विदेश पलायन भैरहेको अवस्थामा हाम्रो सानीभेरी गाउँपालिका भित्र पनि युवाहरुलाई प्रविधिक तथा वैज्ञानिक शिक्षा मार्फत सिप युक्त जनशक्ति उत्पादन गर्न कक्षा ९-१२ मा पशु विज्ञान कार्यक्रम र कक्षा ११/१२ मा विज्ञानका विषयहरु संचालनको लागि पालिका भित्रका सम्पुर्ण माध्यमिक विद्यालयहरु अन्तर्गत आवश्यक मापदण्ड पुगेको श्री रासी ज्ञानोदय मा.वि. सिम्ली रुकुम (पश्चिम) रहेकोले छनौट गर्न आवश्यक देखिन्छ ।

॥ समाप्त ॥

# सानीभेरी गाउँपालिका रुकुम (पश्चिम)
## कर्णाली प्रदेश
## नेपाल

Sanibheri Rural Municipality
Office of the Rural Municipal Executive
Simlee, Rukum (West)
Karnali Province, Nepal
2073

प्राविधिक, भौतिक, रसायन तथा जीव विज्ञानको पठनपाठनको लागि गर्न तयार गरिएको गुरुयोजना (०८०/०८१ देखि ०८५/०८६)

२०८०/०३/२०
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

Sanibheri Rural Municipality
Office of the Rural Municipal Executive
Simlee, Rukum (West)
Karnali Province, Nepal
2073

विषय सूचिः-


१. पृष्ठभूमिः-
२. गूरुयोजना निर्माणको औचित्यः-
३. गुरुयोजना निर्माणको उद्देश्यः-
४. समस्याको पहिचानः-
५. प्रभावकारी रुपमा सञ्चालनका लागि अपनाएको मूख्य रणनीतिहरु
६. अनुगमण तथा मूल्याङ्कन
७. कार्यक्रमको दिगोपना
८. कार्यक्रमको लक्ष्य
९. प्रस्तावित बजेट


२०८१/०६/२४
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

१. पृष्ठभूमी

नेपालको शैक्षिक विकासका क्रममा सामुदायिक विद्यालयको योगदान विशिष्ट रहेको भएता पनि वर्तमान समयमा यस प्रकारका विद्यालयहरुले प्रदान गरिरहेको सेवाको गुणस्तरमा विभिन्न कोणबाट प्रश्नहरु उठिरहेका छन् । यस्तो अवस्थामा देशभर सञ्चालन भएका सामुदायिक विद्यालय प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्ने अहिलेको प्रमुख चुनौती भएकाले समकालिन समाजमा गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने विश्वासनियता आधार तयार गरि जनताको पहिलो रोजाइको विद्यालयको रुपमा सामुदायिक विद्यालयको विकास गर्ने बाञ्छनीय देखिएको छ । सानीभेरी गाउँपालिका भित्र सञ्चालन भएका माध्यमिक विद्यालयहरुमा आवश्यकताका आधारमा प्राविधिक तर्फका विषयहरु र विज्ञानका विषयहरु पठनपाठनको व्यवस्था तथा सुनिश्चितता नभएको अवस्था छ ।

सामुदायिक विद्यालयमा सामान शैक्षिक पहुँच, नविनतम प्रविधिको अधिक्तम प्रयोग सहित आधुनिक शिक्षण विधि मार्फत शैक्षिक गुणस्तर तथा जवाफदेहि व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरुलाई प्रभावकारी बनाउँदै यस गाउँपालिका भित्र प्राविधिक तर्फका विषयहरु र विज्ञानका विषयहरु पठनपाठनको व्यवस्था तथा सुनिश्चितता गर्न आवश्यक देखिएको छ । त्यसका लागि निम्न आवश्यकताको पहिचान गरिएको छ ।

२. गुरुयोजना निर्माणको औचित्यः-

विद्यालयमा सुविधासम्पन्न पाँचवटा पक्की भवन, खेलमैदान, खानेपानी, शौचालय, खेलकुद, पुस्तकालय आदी अनिवार्य चिजहरुको व्यवस्थापन हुँदा हुदैपनि समग्र सानीभेरी गाउँपालिका अन्तर्गतकै उत्कृष्ट विज्ञान पठनपाठन र यस संग सम्बन्धित ज्ञानको दायरालाई मध्यनजर गरी शिक्षणलाई व्यवहारिक समयसापेक्ष र नतिजा उन्मुख गराउन यो गुरुयोजनाको औचित्य रहेको छ ।

३. गुरुयोजना निर्माणको उद्देश्यः-

गुरुयोजनाको तपसिल बमोजिमको उद्देश्य रहेको छः

- विद्यालयमा भौतिक, रसायन तथा जीव विज्ञानको छुट्टाछुटै प्रयोगशाला निर्माण गर्ने
- विद्यालयमा भौतिक, रसायन तथा जीव विज्ञानको छुट्टाछुटै प्रयोगशालाका लागि सामग्री व्यवस्थापन गर्न
- विज्ञान तथा प्राविधिक विषय शिक्षण गर्न विषयगत शिक्षकको व्यवस्था गर्ने
- समयसापेक्ष र व्यवहारिक शिक्षण गरी उत्कृष्ट विद्यार्थी उत्पादन गर्ने
- विज्ञान विषय पढ्नका लागि पालिकाकै केन्द्र बनाउने ।
- 'बिग स्कुल' को अवधारणाका लागि सूचकको रुपमा कार्य गर्ने ।

४. समस्याको पहिचानः-

सामुदायिक विद्यालयमा सामान शैक्षिक पहुँच, नविनतम प्रविधिको अधिक्तम प्रयोग सहित आधुनिक शिक्षण विधि मार्फत शैक्षिक गुणस्तर तथा जवाफदेहि व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरुलाई प्रभावकारी बनाउँदै यस गाउँपालिका भित्र प्राविधिक तर्फका विषयहरु र विज्ञानका विषयहरु पठनपाठनको व्यवस्था तथा सुनिश्चितता गर्न आवश्यक देखिएको छ । त्यसका लागि निम्न समस्याको पहिचान गरिएको छ ।

क. भौतिक, रसायन तथा जीव विज्ञानको अध्यापन तथा संचालनका लागि विद्यालयका सबल पक्षहरु, सुधार गर्नुपर्ने पक्षहरु, अवसर तथा सम्भावना र चुनौती तथा समस्याहरुः-

विद्यालयमा भौतिक, रसायन तथा जीव विज्ञानको छुट्टाछुट्टै प्रयोगशाला संचालन तथा विषयगत शिक्षक व्यवस्थापनका लागि तपसिलका क्षेत्रहरुलाई पहिचान गरिएको छः

अ. सबल पक्षहरुः-

- कक्षाकोठाको पर्याप्त व्यवस्था भएको
- सजिलै आवतजावत गर्न सकिने बाटो
- भौतिक, रसायन तथा जीव विज्ञान संग सम्बन्धित सामाग्रीहरु रहेको
- एउटा ल्याबको व्यवस्था
- प्राविधिक धार र साधारण तर्फ पठनपाठन गर्न शिक्षकको व्यवस्था भएको
- नमुना विकास गुरुयोजना अन्तर्गतका कार्यक्रमहरु संचालित भएको
- विद्युतीय सामग्री तथा विद्युतको सुलभ पहुँच ।

आ. सुधार गर्नुपर्ने पक्षहरुः-

भौतिक, रसायन तथा जीव विज्ञानको प्रयोगशाला निर्माण, सामग्री व्यवस्थापन तथा शिक्षक व्यवस्थापन गर्न निम्तलिखित सुधारका उपायहरु अपनाउनु पर्दछः-

- भौतिक, रसायन तथा जीव विज्ञान संग सम्बन्धित सामग्रीको व्यवस्थापन गर्ने/खरिद गर्ने ।
- छुट्टाछुट्टै प्रयोगशाला निर्माण गर्न सजावटका सामग्रीको व्यवस्था गर्ने ।
- सुलभ विद्युतीय पहुँच तथा अन्य वैकल्पीक स्रोतको व्यवस्था गर्ने ।
- दक्ष तथा तालिम प्राप्त जनशक्तीको व्यवस्थापन गर्ने ।
- सैदान्तिक संगै व्यवहारिक ज्ञानका लागि शिक्षण विधिमा विविधता ल्याउनुपर्ने ।
- अनिवार्य रुपमा प्रयोगशाला संग सम्बन्धित शिक्षा आवश्यक आचारसंहिता निर्माण गर्नुपर्ने ।
- पर्याप्त स्रोत तथा बजेटको व्यवस्था गर्नुपर्ने ।

इ. अवसर तथा सम्भावनाः-

भौतिक, रसायन तथा जीव विज्ञानको छुट्टाछुट्टै प्रयोगशाला निर्माण सामाग्री व्यवस्थापन, तथा जनशक्ति व्यवस्थापनका लागि तपसिल बमोजिमका अवसर तथा सम्भावनाहरु पहिल्याइएको छः-

- समग्र सानीभेरी गाउँपालिकाको विद्यार्थीको लागि सिप दक्षता हासिल गर्न सकिने ।
- विज्ञान र प्रविधिको उच्चतम ज्ञान हासिल गरी नतिजामा सफल हुने ।
- बजारमा टिक्न सक्ने दक्ष विद्यार्थीहरु उत्पादन हुने ।
- जटिल विषयवस्तुलाई सहज रुपमा बुझ्न सकिने ।
- अहिले प्रतिभा पलायनको समस्यालाई रोकी गुणस्तरीय विज्ञान शिक्षा दिन सकिने ।
- 'बिग स्कुल' को अवधारणाका लागि सूचकको रुपमा कार्य गर्ने ।

ई. चुनौती तथा समस्याहरुः-

भौतिक, रसायन तथा जीव विज्ञानको प्रयोगशाला निर्माण, सामाग्री तथा शिक्षक व्यवस्थापनका लागि तपसिल बमोजिमका चुनौती तथा समस्याहरु औल्याईएको छ ।

- पर्याप्त स्रोत तथा बजेटको समस्या,
- विद्युतीय पहुँचमा वैकल्पीक व्यवस्था,
- शिक्षक दरबन्दी तथा कर्मचारी व्यवस्थापन,

२०७८/४/२०
दिपक मुडबरी
प्रमुख प्रशासकीय अधिकृत

उ. भौतिक,रसायन तथा जीव विज्ञान प्रयोगशाला निर्माण, व्यवस्थापन र संचालनका लागि गर्नुपर्ने कार्यहरु:
- प्रत्येक प्रयोगशालामा सामग्रीको व्यवस्थापन
- शिक्षक/कर्मचारीको व्यवस्थापन
- छुट्टाछुट्टै प्रयोगशाला निर्माण गर्ने (भौतिक,रसायन र जीव विज्ञान)
- मापदण्ड अनुरुप सामाग्रीहरु खरिद गर्ने (भौतिक,रसायन र जीव विज्ञान)
- विद्युतीय पहुँचको व्यवस्थापन
- सामाग्रीहरु क्रमशः थप गर्दै जाने ।

**५. प्रभावकारी संचालनका लागि अपनाइने मुख्य रणनीतिहरु:-**

विद्यालयमा भौतिक,रसायन तथा जीव विज्ञान संग सम्बन्धित प्रयोगशाला निर्माण सामग्री तथा जनशक्ती व्यवस्थापनका लागि अपनाइने मुख्य रणनीतिहरु यसप्रकार छन्:
- कक्षा ११ मा नयाँ भर्ना भएका विद्यार्थीलाई विज्ञान विषय अध्ययन गर्न प्रेरित गर्ने ।
- समग्र यो क्षेत्रकै लागि विज्ञान विषय अध्ययन अध्यापनको उचित वातावरण निर्माण गरी आवासीय विद्यालय बनाउने ।
- कम्तीमा पनि शिक्षण पाठको अन्तसंगै प्रयोगशाला भ्रमणको व्यवस्था मिलाउने ।
- विज्ञान प्रयोगशाला संग सहयोगी पुस्तक, लेखरचना तथा अन्य भर्चुअल कक्षाहरुको व्यवस्था गर्ने ।
- पठनपाठनलाई पूर्णतया निशुल्क तथा मेहनती र जेहेन्दारलाई आवश्यक सहयोगको व्यवस्था मिलाउने।
- डिजिटल माध्यमको प्रयोग गरी प्रचार प्रसार गर्ने ।
- सरोकारवाला निकायहरुबाट सुपरिवेक्षणलाई प्रभावकारी बनाउने
- गुणस्तरीय शिक्षण गरी पठनपाठनमा विविधता ल्याउने
- शैक्षिक भ्रमण तथा अवलोकन लाई विद्यालयको कार्यतालिका अनुसार कार्यन्वयन गरिने ।

**६. अनुगमन तथा मूल्याङ्कनः**

भौतिक,रसायन तथा जीव विज्ञानको प्रयोगशाला निर्माण, सामग्री तथा शिक्षक व्यवस्थापनका लागि देहाय बमोजिम सरोकारवाला पक्षहरुले अनुगमन तथा मूल्याङ्कन गर्ने देखिन्छ:
- सानीभेरी गाउँपालिका अनुगमन तथा मूल्याङ्कन समिति (स्थानीय सरकार)
- शिक्षा युवा तथा खेलकुद, शाखा सानीभेरी गाउँपालिका
- संघीय सरकार, प्रदेश सरकार
- वि.व्य.स., शि.अ.स., अभिभावक, विद्यार्थी ।

**७. कार्यक्रमको दिगोपनाः-**

भौतिक,रसायन तथा जीव विज्ञानको प्रयोगशाला निर्माण, सामग्री र शिक्षक व्यवस्थापन गरी यस कार्यक्रमलाई दिगो रुपमा संचालन गर्न सर्वप्रथम यहाँको स्थानीय सरकारले यसको सर्वाङ्गीण पक्षको दायित्व बोध गरी सहकार्य गर्नपर्नेछ । यस संगै विद्यालयको विद्यालय व्यवस्थापन समिति,प्र.अ. अन्य शिषक स्टाफ अभिभावक विद्यार्थी आदि सबैले आफ्नो तोकिएको जिम्मेवारी र कर्तव्य पालना गरी अघि बढेमा र समय क्रमानुसार गुरुयोजना अन्तर्गत भएका थप कार्यलाई संशोधन गरी समयसापेक्ष बनाउमा कार्यक्रमको दिगोपना हुनेमा निश्चित छ ।अनिमात्र विज्ञान र प्रविधिको पहुँच भन्दा बाहिर रहेका सम्पूर्ण बालबालिकाहरु प्रयोगशालाबाट वास्तविक ज्ञान आर्जन गरेको अनुभूती हुनेछ ।

Sanibheri Rural Municipal Executive Office of the Rural Municipal Executive Simlee, Rukum (West) Karnali Province, Nepal 2073

२०८०/०९/२०
दिपक सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

Sanibheri Rural Municipality
Office of the Rural Municipal Executive
Simlee, Rukum (West)
Karnali Province, Nepal

## ८. कार्यक्रमको लक्ष्यः-

भौतिक,रसायन तथा जीव विज्ञानको तथा प्राविधिक विषय पठनपाठनको लागि निम्नानुसार लक्ष्य लिएको छ ।

| क्र स. | कार्यक्रमको नाम | अनुमानित बजेट | बजेटको स्रोत | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| १ | भौतिक विज्ञान प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | ✓ | | | | |
| २ | रसायन विज्ञान प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | | ✓ | | | |
| ३ | जीव विज्ञान प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | | | ✓ | | |
| ४ | प्राविधिक प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | | | | ✓ | ✓ |
| ५ | प्राविधिक तर्फ शिक्षक व्यवस्था | ६४१५६४३ | संघ, स्थानीय तह र विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ६ | विज्ञान तर्फ शिक्षक व्यवस्था | ७६०२९७२ | | | | | | |
| ७ | ल्याब ब्याय | ९०२९८० | संघ, स्थानीय तह र विद्यालय | | | | ✓ | ✓ |
| | जम्मा | १८९२१५९५ | | | | | | |

## ९. प्रतावित बजेटः-

भौतिक,रसायन तथा जीव विज्ञानको तथा प्राविधिक विषय पठनपाठनको लागि निम्नानुसार बजेट प्रस्ताव गरिएको छ । (आ.व.२०८०/०८१ देखि २०८५/०८६ सम्म)

| क्र स. | कार्यक्रमको नाम | अनुमानित बजेट | बजेटको स्रोत | प्रस्तावित बजेट | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| १ | भौतिक विज्ञान प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | १०००००० | - | - | | - |
| २ | रसायन विज्ञान प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | - | १०००००० | | - | - |
| ३ | जीव विज्ञान प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | - | - | १०००००० | - | - |
| ४ | प्राविधिक प्रयोगशाला | १०००००० | संघ, स्थानीय तह र विद्यालय | १०००००० | - | - | - | - |
| ५ | प्राविधिक तर्फ शिक्षक व्यवस्था | ६४१५६४३ | संघ, स्थानीय तह र विद्यालय | ९०२९८० | ९०२९८० | ९०२९८० | १५३६५६१ | २१७०१४२ |
| ६ | विज्ञान तर्फ शिक्षक व्यवस्था | ७६०२९७२ | संघ, स्थानीय तह र विद्यालय | ६३३५८१ | १२६७१६२ | १९००७४३ | १९००७४३ | १९००७४३ |
| ७ | ल्याब ब्याय | ९०२९८० | संघ, स्थानीय तह र विद्यालय | - | - | - | ४५१४९० | ४५१४९० |
| | जम्मा | १८९२१५९५ | | ३५३६५६१ | ३१७०१४२ | ३८०३७२३ | ३८८८७१४ | ४५२२३७५ |

२०८०/०६/२८
प्रमुख प्रशासकीय अधिकृत

CamScanner